# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक






❐ वर्ष : २६ ❐ अंक : ३१ ❐ सोमवार, ९ कात्तिक, २०८३ ❐ Monday, 26 Oct 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०


## कर्णालीको सुदूर पीडा मेट्दै मदन भण्डारी राजमार्ग

# सडक र पुलको निर्माणले फेरिँदै पश्चिम सुर्खेतको मुहार



❐ सुशील खड्का
सुर्खेत, ८ कात्तिक

असार-साउनको घनघोर वर्षा। उर्लिएको ब्यूरेनी र अन्य साना खोलाको धमिलो भेल। बिरामी, सुत्केरी व्यथाले छटपटाएकी महिला र समयमै गन्तव्य पुग्न नपाउनुको विवशता। वर्षायाममा पश्चिम सुर्खेतका खोला किनारमा देखिने यो कारुणिक दृश्य कुनै काल्पनिक चलचित्रको कथा थिएन, बराहताल, चौकुने गाउँपालिका र पञ्चपुरी नगरपालिकाका नागरिकले पुस्तौंदेखि भोग्दै आएको तीतो यथार्थ थियो। गाडी चढ्न पाइने आशमा बिहानै घरबाट हिँडेका यात्रुहरू खोलामा आएको बाढी र हिलाम्मे सडकका कारण दिनभर भोकभोकै किनारमै अलपत्र पर्थे। हिउँदमा शरीरभरि खैरो धुलोको बाक्लो पत्र जम्ने गरी उड्ने धुलो र बर्खामा गाडीको पाङ्ग्रा पूरै भासिने दलदले हिलो पश्चिम सुर्खेतवासीको स्थायी नियति बनेको थियो। बिरामीलाई समयमै प्रदेश राजधानी वीरेन्द्रनगर अस्पताल पुर्‍याउन नसक्दा बाटोमै ज्यान गुमाउनुपरेका पीडाहरु नागरिकको मनमा ताजै छन्। स्थानीय किसानले पसिना बगाएर फलाएका अदुवा, सुन्तला, तरकारी र दुग्धजन्य वस्तुहरू बजारको मुख देख्न नपाएर बाटोमै सड्ने गर्थे। झण्डै ६० किलोमिटरको यात्रा गर्न पूरै दिनभर हण्डर खानुपर्ने र जोखिम मोलेर यात्राको सास्तीले यहाँका बासिन्दालाई सधैँ राज्यबाट उपेक्षित थिए। तर, समय सधैँ एउटै रहँदैन। पीडा, अभाव र निराशाको लामो सुरुङबाट अब पश्चिम सुर्खेत बाहिर निस्कँदै छ। हिजो आँसु र सास्ती बनेर बग्ने खोलाहरूमाथि अब पक्की पुलहरू ठडिँदै छन् भने धुलाम्मे कच्ची गोरेटाहरू चौडा, चिल्ला र दिगो अस्फाल्ट सडकमा परिणत भइरहेका छन्।

राष्ट्रिय गौरवको मदन भण्डारी राजमार्ग अन्तर्गत पश्चिम सुर्खेत खण्डमा सडक स्तरोन्नति र पक्की पुल निर्माणले एकसाथ गति पाएसँगै यहाँका नागरिकको मुहारमा वर्षौंपछि आशा र उत्साहको छाएको छ। पश्चिम सुर्खेतमा मदन भण्डारी राजमार्गको कुल दूरी ९४ किलोमिटर रहेको छ। यो दूरीमध्ये बड्डीचौर-खम्बगाडे सडक खण्डलाई छाडेर हाल चौर खोलादेखि लगाम खण्डमा मदन भण्डारी राजमार्ग योजना कार्यालयले दुई चरणमा काम अगाडि बढाइरहेको छ। पहिलो प्याकेज अन्तर्गत विद्यापुर-गुटु-बल्दे खण्डको करिब २२ किलोमिटर सडक पर्दछ। १७ फागुन २०७९ देखि सुरु भएको यो आयोजना बानियाँ मोतिदान डी.एस. जेभी, काठमाडौंले निर्माणको जिम्मा पाएको हो। कुल एक अर्ब २१ करोड रुपैयाँ लागतको यस आयोजना अन्तर्गत विजौरा क्षेत्रको विवादित खण्डबाहेक अन्य सडक अहिले बाँकी पृष्ठ २

## पाँच खोलामा पुल निर्माण थालिँदै

मदन भण्डारी राजमार्गको सुर्खेत पश्चिमको दोस्रो प्याकेज अन्तर्गत चौर खोला-पलैटे-चत्तुरे चोक-दुलालथाई-विद्यापुर १० किलोमिटर र बल्दे-लगाम १५ किलोमिटर गरी २५ किलोमिटर सडक निर्माण भइरहेको छ। १४ भदौ २०८४ मा सक्ने लक्ष्य लिएको यो सडक निर्माणका लागि दिवा यती जेभीले १४ भदौ २०८१ मा सम्झौता गरेको हो। कुल १ अर्ब ३६ करोड रुपैयाँ लागत रहेको यस सडकको बल्दे-लगाम खण्डमा हाल पहाड कटिङको लगभग सकिएको छ। सिमलखेतमा साविक पुरानै सडकबाट लैजाने वा बस्तीबाट लैजाने भन्ने विषयमा प्राविधिक छलफल भइरहेको र यही महिनाभित्रै कहाँबाट सडक लैजाने भन्ने अन्तिम निर्णय हुने योजना प्रमुख पौडेलले जानकारी दिए।

बाँकी चौर खोलादेखि विद्यापुर डाँडासम्मको १० किलोमिटर सडक भने निर्माण व्यवसायीले यसै आर्थिक वर्षमा कालोपत्रे गर्ने तयारी थालेका छन्। सडक निर्माणसँगै यस क्षेत्रको सबैभन्दा ठूलो चुनौतीका रूपमा रहेका खहरे खोलाहरूमा पक्की पुल निर्माणको कामले पनि गति लिएको छ। राजमार्गको सुर्खेत पूर्वको भेडाबारीदेखि कर्णाली नदीसम्म कुल २३ वटा पक्की पुल निर्माण गर्नुपर्ने गुरुयोजना छ। यीमध्ये १३ वटा पुल सुर्खेत पूर्व र १० वटा पुल सुर्खेत पश्चिम खण्डमा पर्दछन्। हालसम्म १६ वटा पक्की पुल निर्माण सम्पन्न भएर सवारीसाधन निर्वाध सञ्चालन भइसकेका छन्। सुर्खेत पूर्वी खण्डमा पर्ने १३ वटै पक्की पुल ४० करोड ४५ लाख रुपैयाँ लागतमा निर्माण गरिएका हुन्। जसमा भुगुती, काली, खत्री, गुर्जी, बेतनी, खहरे, राते, बेवारे, कागते, थोत्री, गंगटे र रानीमत्ते खोलामा नयाँ पुल निर्माण गरिएको छ।

पश्चिम सुर्खेत खण्डमा पनि यसअघि नै तीन वटा खोलामा पुल निर्माण सम्पन्न भइसकेको छ। विद्यापुर खोलाको पुल तीन करोड ४६ लाख, गुटु खोलाको पुल पाँच करोड र ब्यूरेनी खोलाको पुल तीन करोड ६० लाख रुपैयाँ लागतमा निर्माण सम्पन्न भएर सञ्चालनमा आइसकेका छन्। कार्यालयले चालु आर्थिक वर्षदेखि पञ्चपुरी नगरपालिकाको स्याउलीघाट, चत्तुरे, बराइचे, सलामडुबे खोला तथा चौकुने गाउँपालिकाको सिमलखेत र लेमु खोलामा पुल बनाउनुपर्ने स्थानीयको लामो समयदेखिको माग अब पूरा देखिएको छ। कुल ३८ करोड १२ लाख १० हजार ४९९ रुपैयाँ लागतमा निर्माण हुने यी पाँच वटा पुलको ठेक्का सम्झौता अन्तिम चरणमा पुगेको हो। चत्तुरे खोलामा २५ मिटर लामो पक्की पुल निर्माणका लागि मेसर्स डी. लालीगुराँस कालीकोट जेभी ६ करोड ३५ लाख १० हजार ९५८ रुपैयाँमा छनोट भएको छ। यस्तै, लेमु खोलामा ५० मिटर लामो पुल निर्माणका लागि मेसर्स सिद्धि विनायक कन्स्ट्रक्सन, मकवानपुरसँग ८ करोड ६२ लाख ४१ हजार ७२६ रुपैयाँमा सम्झौता प्रक्रिया अघि बढेको छ। यस्तै, बराइचे खोलामा २० मिटर लामो पुल बनाउन मेसर्स इन्द्रधनु अछाम निर्माण सेवा, कैलाली ७ करोड ३७ लाख १२ हजार ७३६ रुपैयाँ र स्याउलीघाट खोलामा २५ मिटर लामो पुल निर्माणका लागि मेसर्स हिमशृङ्ग ला/अल्फा/काञ्जीरोवा जेभी, नेपालगञ्ज बाँकेले ७ करोड २६ लाख ८१ हजार ५६० रुपैयाँमा जिम्मा पाएको छ। सलामदुबे खोलामा २५ मिटर लामो पुल निर्माणका लागि मेसर्स इन्द्रधनु अछाम निर्माण सेवा, कैलाली ८ करोड ५० लाख ६३ हजार ५१७ रुपैयाँमा छनोट भएको छ। यसबाहेक चौकुने गाउँपालिकाको सिमलखेत खोला तथा सुदूरपश्चिमको डोटी र कर्णालीको सुर्खेत जोड्ने चौकुने गाउँपालिका-१ पाल्पाघाटस्थित कर्णाली नदीमा पक्की पुल निर्माणका लागि निर्णय हुन बाँकी छ। सडक विस्तार र कालोपत्रेसँगै मुख्य खोलाहरूमा पक्की पुल बनेपछि पश्चिम सुर्खेतको चौकुने गाउँपालिका र पञ्चपुरी नगरपालिका लगायतका बासिन्दालाई प्रदेश राजधानी वीरेन्द्रनगर तथा कर्णाली प्रदेशका अन्य जिल्लाहरूसँग बाह्रै महिना सुरक्षित र सहज यातायात सम्पर्क कायम हुनेछ। अब वर्षायाम सुरु हुनासाथ यातायात बन्द हुने त्रासमा बस्नुपर्ने अवस्थाको अन्त्य हुने भएको छ। सडक र पुलको यो पूर्वाधारले स्थानीय कृषि उपज, फलफूल तथा पशुजन्य उत्पादनलाई सहजै बजारसम्म पुर्‍याउन मद्दत गर्नेछ, जसले ग्रामीण अर्थतन्त्रमा परिवर्तन आउने विश्वास स्थानीयवासीले लिएका छन्।

# जुम्लाबाट सात हजार ३३० मेट्रिकटन स्याउ निर्यात

❐ काँक्रेविहार संवाददाता
जुम्ला, ८ कात्तिक



जुम्लाबाट सात हजारभन्दा बढी मेट्रिकटन स्याउ निर्यात भएको छ। कृषि विकास कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा उत्पादन भएको स्याउ हालसम्म करिब सात हजार ३३० मेट्रिकटन बाहिरी जिल्लामा गएको छ।

कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले जिल्लामा करिब १९ हजार ५०० मेट्रिकटन स्याउ उत्पादन भई रु ५५ करोड बराबरको कारोबार हुने अनुमान गरिएको जानकारी दिए। हाल प्रतिकेजी न्यूनतम रु ७५ मा स्थानीय बगैँचाबाट किसानले स्याउ बिक्री गरिरहेका छन्।

तातोपानी गाउँपालिका-६ स्थित बाँजारावलामा सात हजार १४० रोपनी क्षेत्रफलमा भएको सामूहिक स्याउ खेतीबाट मात्र ३४ मेट्रिकटन स्याउ उत्पादन भएको छ। जसबाट मात्र रु ३० लाख बराबरको स्याउ बिक्री भएको कार्यालय प्रमुख अधिकारीको भनाइ छ। जुम्लामा झण्डै चार हजार ६०५ हेक्टर अर्थात् ९२ हजार ८० रोपनी क्षेत्रफलमा स्याउखेती हुने गरेको छ।

चालु आवमा झण्डै १०८ हेक्टर अर्थात् दुई हजार १६० रोपनी थप क्षेत्रफलमा स्याउखेती विस्तार गरिने लक्ष्य कार्यालयले लिएको कार्यालय प्रमुख अधिकारीले बताए। उच्च जातको फुजी स्याउको बाँकी पृष्ठ २

# आजदेखि एनपीएल सुरू



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ८ कात्तिक

नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा आजदेखि सुरु हुने नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणको सम्पूर्ण तयारी पूरा भएको छ।

आइतबार आयोजित पत्रकार सम्मेलनमा क्यानले लिगको ९५ देखि ९९ प्रतिशतसम्म तयारी सकिएको जानकारी दिँदै यसपटकको प्रतियोगिता नेपाली क्रिकेट इतिहासकै सबैभन्दा भव्य र ऐतिहासिक हुने दाबी गरेको छ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) बाट आधिकारिक मान्यता (स्याङ्सन) प्राप्त यस प्रतियोगिताले नेपाली क्रिकेटमा ठूलो आर्थिक छलाङ मार्ने क्यानको विश्वास छ। पत्रकार सम्मेलनमा क्यानका कोषाध्यक्ष पदमबहादुर खड्काले एक महिना चल्ने यस लिगमा करिब डेढ अर्ब (१५० करोड) रुपैयाँ बराबरको आर्थिक कारोबार हुने जानकारी बाँकी पृष्ठ ४

# सुर्खेतका पानी उद्योगी र प्रशासनबीच चार बुँदे सहमति, पानी उत्पादन तथा बिक्री सुचारू

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ८ कात्तिक

जिल्ला प्रशासन कार्यालय सुर्खेत र स्थानीय प्रशोधित पानी उद्योगीहरूबीच सहमति जुटेपछि रोकिएको पानीको उत्पादन र बिक्री वितरण पुनः सुचारु भएको छ।

पानी उद्योगीहरूले एकाएक उत्पादन रोक्दा जिल्लामा खानेपानीको समस्या विकराल बनेको थियो। उद्योग बन्द भएसँगै बजारमा जार तथा बोतलको पानीको चरम अभाव सिर्जना भई उपभोक्ताहरू निकै मर्कामा परेका थिए। पानीको मूल्य निर्धारण र मापदण्डका विषयलाई लिएर प्रशासन र उद्योगीबीच देखिएको विवाद समाधान गर्न बसेको छलफलमा चार मुख्य विषयमा समझदारी बनेको मध्यपश्चिम वाटर एण्ड वेभरेज इन्डष्ट्रिज प्रा.लि. का अध्यक्ष कृष्ण आचार्यले जानकारी दिए। अध्यक्ष आचार्यका अनुसार सहमति अनुसार उद्योगीहरूले आफ्ना उत्पादनको अधिकतम खुद्रा बिक्री मूल्य (एमआरपी) आफैँ निर्धारण गर्न पाउनेछन् र सोही मूल्यभित्र रहेर बिक्री वितरण गर्नुपर्नेछ।

यद्यपि, उद्योगीले तोकेको मूल्यको लागत र आधारका विषयमा जिल्ला प्रशासनले माग गरेमा त्यसको यथेष्ट प्रमाण वा स्पष्टीकरण उपलब्ध गराउनुपर्ने सर्त राखिएको छ।

यसैगरी, पानी उद्योग सञ्चालन सम्बन्धी विद्यमान कानुनी जटिलता फुकाउन तथा नयाँ कार्यविधि परिमार्जनका लागि संसदीय समिति लगायतका माथिल्लो निकायमा आवश्यक पहल गर्ने सहमति भएको छ। साथै, प्रशोधित पिउने पानी उत्पादन गर्दा तोकिएका आवश्यक गुणस्तर र मापदण्डहरू पूर्ण रूपमा पालना गरेर मात्र उत्पादन तथा आपूर्ति गर्नुपर्ने विषयमा समेत दुवै पक्ष सहमत भएका छन्।

प्रशासनसँगको सहमतिपछि उद्योगीहरूले तत्कालैदेखि उद्योग सञ्चालन गरी बजारमा पानीको आपूर्ति नियमित गराएका छन्, जसले गर्दा केही दिनयता देखिएको खानेपानीको अभाव हट्ने भएको छ।

## सम्पादकीय

# बजार अनुगमन र आपूर्ति व्यवस्थापनमा ध्यान देऊ

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा तरकारी तथा फलफूलको थोक मूल्यमा भएको उल्लेख्य वृद्धिले आम उपभोक्ताको भान्सा महँगिँदै गएको संकेत गरेको छ । बुलबुले कृषि हाट बजार व्यवस्थापन समितिको तथ्यांकअनुसार गत वर्ष असोजमा प्रतिकिलो औसत ८७ रुपैयाँ ४६ पैसा रहेको तरकारी तथा फलफूलको थोक मूल्य यस वर्ष बढेर ११९ रुपैयाँ ९१ पैसा पुगेको छ । एक वर्षमै औसत मूल्य ३७ दशमलव १० प्रतिशतले बढ्नु सामान्य बजार उतारचढाव मात्र होइन, उपभोक्ताको दैनिक जीवनसँग जोडिएको गम्भीर विषय हो ।

प्याजको मूल्य प्रतिकिलो ४७ रुपैयाँ ५० पैसाबाट बढेर ९२ रुपैयाँ र लसुनको मूल्य १४५ रुपैयाँबाट २९४ रुपैयाँ पुग्नुले मूल्यवृद्धिको असर स्पष्ट पार्छ । साग, सिमी, लौका, बन्दा र गोलभेँडाजस्ता दैनिक उपभोगका तरकारीसमेत महँगिएका छन् । यद्यपि आलु र अदुवाको मूल्य घट्नुले सबै वस्तुको मूल्य एउटै गतिमा नबढेको देखाउँछ । यसले बजार मूल्य उत्पादन, मौसम र आपूर्तिको अवस्थासँग प्रत्यक्ष जोडिएको पुष्टि गर्छ । स्थानीय उत्पादन पर्याप्त हुँदा मूल्य घट्ने र उत्पादन कम हुँदा बाह्य क्षेत्रबाट आयात गर्नुपर्दा मूल्य बढ्ने बजार व्यवस्थापककाे भनाइलाई बेवास्ता गर्न मिल्दैन । कर्णालीको भौगोलिक विकटता, ढुवानी खर्च, लोडअनलोडमा जनशक्तिको अभाव तथा बाह्य आपूर्तिमा निर्भरताले मूल्यवृद्धिलाई थप बल पुऱ्याएका छन् । तर, यी समस्यालाई मूल्य बढ्नुको स्थायी बहाना बनाएर उपभोक्तालाई सधैँ महँगोमा सामान किन्न बाध्य पारिनु हुँदैन ।

यसका लागि स्थानीय उत्पादन बढाउने, किसानलाई बीउ, मल, प्रविधि र बजारको सुनिश्चितता दिने तथा कृषि उपजको भण्डारण र ढुवानी प्रणाली सुधार गर्ने नीति आवश्यक छ। साथै, बजारमा नियमित अनुगमन गरी खरिद मूल्य र बिक्री मूल्यबीचको अन्तर पारदर्शी बनाउनुपर्छ। कृत्रिम अभाव, अस्वाभाविक मूल्यवृद्धि र बिचौलियाको अनुचित लाभ नियन्त्रण गर्न सम्बन्धित निकाय जिम्मेवार बन्नुपर्छ । खाद्यवस्तुको मूल्यवृद्धि केवल आर्थिक विषय होइन, यो नागरिकको जीवनस्तर र खाद्य सुरक्षासँग जोडिएको सवाल हो । त्यसैले स्थानीय उत्पादनदेखि बजार वितरणसम्मको प्रणाली सुधार्दै उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय वस्तु पाउने वातावरण निर्माण गर्नु आजको आवश्यकता हो ।

## सडक...

कालोपत्रे सम्पन्न हुने चरणमा पुगेको छ। निर्माणका क्रममा विजौरा क्षेत्रमा करिब १६ सय मिटर सडक खण्डमा देखिएको विवादका कारण केही काम रोकिए पनि बाँकी खण्डको काम आउने मंसिरसम्म सक्ने लक्ष्य राखिएको योजना कार्यालयका प्रमुख ईन्जिनियर शंकर पौडेल बताउँछन्। उनका अनुसार अहिले गुटु बजार क्षेत्रको झण्डै २ किलोमिटर सडक कालोपत्रे गर्ने तयारी अन्तिम चरणमा पुगेको छ।

सुर्खेत पश्चिममा निर्माण भइरहेको यो सडक सामान्य नभई महँगो अस्फाल्ट प्रविधिबाट कालोपत्रे गरिएको छ। अस्फाल्टबाट कालोपत्रे गरिँदा सडक निकै बलियो, दिगो र धेरै भारवहन क्षमताको हुने गर्दछ। यता, लगाम-धनराश-धामीसैन सडक निर्माणका लागि ठेक्का आह्वान गरिएको छ।

बाँकी १६ किलोमिटर सडक निर्माण गर्न ठेक्का आह्वान गरिएको हो। यो खण्ड निर्माणका लागि झण्डै डेढ अर्ब रकम विनियोजन भएको योजना कार्यालयले जनाएको छ।

## जुम्लाबाट...

खेती भने जम्मा ५२ हेक्टर क्षेत्रफलमा भएको छ। यस वर्ष ४९ हेक्टरमा मात्र फुजी स्याउ फलेको कृषि कार्यालयले जनाएको छ। यसैगरी, रेडडेलिसेस, रोयलडेलिसेस, गोल्डेन, रिचा रेड, जनाथन, स्पोरलगायत स्थानीय जातका स्याउको खेती भई बिक्री वितरण भइरहेको कृषि कार्यालयले जनाएको छ। केही स्याउ व्यापारीले कोल्ड स्टोरका साथै घरमा पनि राखिएकाले निर्यात र रकम बढ्न सक्ने अनुमान गरिएको छ। कार्यालयका अनुसार यहाँका आठवटै स्थानीय तहका करिब १९ हजार घरधुरी स्याउ खेतीमै निर्भर रहेको जनाएको छ। यो वर्ष भारतबाट आउने स्याउ नेपालमा बन्द भएपछि जुम्लाको स्याउले बजार राम्रो पाएको छ। जिल्लाबाट एक हजार ५०० कार्टुन स्याउ खरिद गरी नेपालगञ्जमा बिक्री गरेको हिमा गाउँपालिकाका स्थानीय स्याउ व्यापारी माया रोकायाले जानकारी दिइन्।

## नेपालमा पार्क तथा उद्यान संस्कृतिः

# चौतारीदेखि पर्यापर्यटनसम्म



✍ डी.आर. घिमिरे

आजभोलि भेटघाट, बैठक, छलफल र विभिन्न सामाजिक कार्यक्रमका लागि होटल, पार्टी प्यालेस तथा पार्क र उद्यानहरूको प्रयोग बढ्दै गएको छ। कुनै समय घर-आँगनमै हुने भेटघाट र जमघटहरू क्रमशः घरबाहिरका यस्ता स्थानतर्फ सर्दै गएका छन्।

पहिलेझैँ एकअर्काको घरमा गएर लामो समय बस्ने, सुखदुःखका कुरा गर्ने र आत्मीयता साटासाट गर्ने चलन पनि बदलिँदै छ। व्यस्त जीवनशैली, समयको अभाव, आवासको बदलिँदो स्वरूप र व्यक्तिगत गोपनीयताको चाहनाले यस परिवर्तनमा भूमिका खेलेका हुन सक्छन्।

कतिपय अवस्थामा घरमा पाहुना आउनुलाई अतिरिक्त जिम्मेवारी वा बोझका रूपमा लिन थालिएको अनुभूति पनि हुन थालेको छ। यद्यपि नेपाली समाजको परम्परागत आतिथ्य संस्कृति हराइसकेको निष्कर्षमा पुगिहाल्न सकिँदैन। बरु भेटघाट र सामाजिक सम्बन्ध कायम गर्ने स्थान तथा शैली परिवर्तन हुँदै गएको भन्न सकिन्छ।

यसको अर्को पक्ष पनि छ। हिजो महिलाहरू प्रायः घरभित्रको काममा सीमित हुन्थे। आज महिलाहरू बाहिर मात्र आएका छैनन्, उनीहरूको व्यस्तता उत्तिकै बढेको छ। यस अर्थमा घरमा महिलाहरूले पाहुनालाई कुरेर आतिथ्य दिइराख्न पनि भ्याउँदैनन्।

यससँगै होटल र पार्क तथा उद्यान संस्कृतिको विस्तार भएको यथार्थलाई पनि इन्कार गर्न सकिँदैन। यही परिवर्तनको सामाजिक, सांस्कृतिक र ऐतिहासिक पृष्ठभूमिमा केन्द्रित रहेर यस आलेखमा नेपालको पार्क तथा उद्यान संस्कृतिको विकासक्रमबारे चर्चा गरिनेछ।

१. धर्म र प्रकृतिः उद्यान संस्कृतिको आधार

केही महिनाअघि फ्रान्सेली मानवशास्त्री फिलिप रामिरेजको ईमेलबाट प्राप्त अर्धाखाँची केन्द्रित अनुसन्धानमूलक कृति अध्ययन गर्ने क्रममा नेपाली ग्रामीण समाजका परम्परागत सार्वजनिक स्थलहरूको सामाजिक महत्त्वबारे मेरो ध्यान विशेष रूपमा आकर्षित भएको थियो। उनको अध्ययनले ग्रामीण सामाजिक सम्बन्धको महत्त्व बुझ्ने आधार प्रदान गरेको छ, जसमा उनको आशयलाई प्रकट गर्दा यसरी भन्न सकिन्छ-

गाउँका चौतारी केवल यात्रु, किसान र स्थानीय बासिन्दाले थकाइ मार्ने ठाउँ मात्र थिएनन्। ती गाउँका समाचार, विचार र अनुभव आदानप्रदान गर्ने, स्थानीय समस्या र साझा सरोकारमा छलफल गर्ने तथा मानिसहरूबीच सामाजिक सम्बन्ध कायम राख्ने महत्त्वपूर्ण स्थल पनि थिए। पीपल-बर रोप्ने, चौतारी निर्माण गर्ने, वृक्षपूजा गर्ने र सार्वजनिक हितका लागि दान गर्ने परम्पराले यस्ता स्थानलाई धार्मिक तथा सांस्कृतिक महत्त्वसमेत प्रदान गरेको थियो।

यसरी हेर्दा चौतारी विश्रामस्थल मात्र नभई सामाजिक संवादको केन्द्र, सामुदायिक भेटघाटस्थल र धार्मिक-सांस्कृतिक अभ्याससँग जोडिएको सार्वजनिक स्थान पनि थियो। आधुनिक पार्क तथा उद्यानहरूले ठिक यसरी नै विश्राम, मनोरञ्जन, सामाजिक भेटघाट र सामूहिक गतिविधिका यस्तै कतिपय आवश्यकता पूरा गरिरहेका छन्। यद्यपि परम्परागत चौतारी र आधुनिक उद्यानको भौतिक स्वरूप, व्यवस्थापन र उपयोगमा महत्त्वपूर्ण भिन्नता छ; तथापि दुवैले मानिसलाई घरको निजी परिवेशभन्दा बाहिर सार्वजनिक जीवनसँग जोड्ने अवसर प्रदान गर्छन्।

यही दृष्टिले हेर्दा नेपालको आधुनिक पार्क संस्कृतिलाई चौतारी, पाटीपौवा, पोखरी र सार्वजनिक बगैँचासँग जोडिएको पुरानो सामाजिक परम्पराबाट अलग गरेर बुझ्न सकिँदैन।

चौतारीको यो सामाजिक उपयोगलाई केवल ग्रामीण जीवनको पुरानो अभ्यासका रूपमा मात्र बुझ्नु उचित हुँदैन। यसको पृष्ठभूमिमा प्रकृतिप्रतिको सम्मान, धार्मिक विश्वास, सार्वजनिक सेवा र सामुदायिक उत्तरदायित्वको लामो परम्परा जोडिएको छ। वैदिक साहित्य, महाभारत, पुराण तथा बौद्धवाङ्मयमा वृक्षारोपण, जलाशय निर्माण र उद्यान स्थापनालाई दिइएको महत्त्वले यस परम्पराको सांस्कृतिक आधार बुझ्न सहयोग पुऱ्याउँछ।

प्रकृति, धर्म र चौतारी संस्कृति

वैदिक साहित्यमा मानव र प्रकृतिबीचको सम्बन्धलाई विशेष महत्त्व दिएको पाइन्छ। पृथ्वीलाई जीवनदायिनी शक्ति, वनस्पतिलाई पोषण र उपचारको स्रोत तथा जललाई प्राणीहरूको अस्तित्वसँग जोडेर हेर्ने दृष्टिकोण विभिन्न वैदिक सूक्तहरूमा व्यक्त भएको छ।

यसैगरी ऋग्वेदमा वनस्पतिको उपयोगिता र औषधीय गुणको चर्चा गरिएको छ। महाभारतको अनुशासन पर्वमा वृक्षारोपण, जलाशय निर्माण र पानीको दानलाई धर्मकार्यका रूपमा व्याख्या गरिएको छ भने पुराण परम्परामा एउटा वृक्षको महत्त्व दस पुत्रसँग तुलना गरेको पाइन्छ। बौद्ध वाङ्मयको 'वनरोप सुत्त'मा पनि उद्यान तथा वन लगाउने, पुल बनाउने, पिउने पानी र आश्रयको व्यवस्था गर्ने व्यक्तिको पुण्य निरन्तर बढ्ने उल्लेख छ। यी मान्यताहरूले प्रकृति संरक्षण र सार्वजनिक सेवाबीचको प्राचीन धार्मिक सम्बन्ध बुझ्न सहयोग पुऱ्याउँछन्।

यही धार्मिक-सांस्कृतिक पृष्ठभूमिमा नेपालको चौतारी, पाटीपौवा, पोखरी र सार्वजनिक बगैँचा निर्माण गर्ने परम्परालाई अध्ययन गर्न सकिन्छ। विशेषगरी पहाडी क्षेत्रका पुराना पैदलमार्ग, उकालो-ओरालो बाटो, पानीका मुहान र गाउँका सार्वजनिक स्थानमा पीपल-बर रोपेर चौतारी बनाउने प्रचलन थियो। चौतारीका धार्मिक, सामाजिक र प्राकृतिक गरी तीनवटा महत्त्वपूर्ण पक्ष थिए। वृक्षारोपण र चौतारी निर्माणलाई पुण्यकार्य मानिन्थ्यो; ती यात्रुहरूको विश्राम, सामाजिक भेटघाट, सूचना आदानप्रदान र सामूहिक छलफलका स्थल थिए; साथै शीतलता प्रदान गर्ने वृक्षको संरक्षणबाट बस्ती तथा यात्रामार्गमा हरियाली कायम रहन्थ्यो।

नेपालमा प्रकृतिलाई पवित्र मान्ने परम्परा मन्दिर, देवस्थल, गुम्बा र धार्मिक स्थलसँग जोडिएका वन तथा वृक्षसमूहको संरक्षणमा पनि पाइन्छ। देवस्थल वरिपरिका वृक्ष नकाट्ने, पानीका मुहान आसपासका वनस्पति जोगाउने र निश्चित वृक्षलाई पूजा गर्ने परम्परा यसका उदाहरण हुन्। लुम्बिनीको ऐतिहासिक उद्यानले पनि प्रकृति र धार्मिक-सांस्कृतिक सम्पदाबीचको सम्बन्धलाई देखाउँछ।

यस आधारमा आधुनिक योजनाबद्ध पार्कको वास्तुकला, डिजाइन र व्यवस्थापनमा बाह्य प्रभाव भए पनि सार्वजनिक हरियालीको संरक्षण र सामूहिक उपयोग गर्ने नेपाली परम्पराको आफ्नै मौलिक आधार रहेको देखिन्छ। तथापि पार्क तथा उद्यानको चर्चा गर्दा हामी प्रायः विदेशी उदाहरणलाई प्राथमिकता दिन्छौँ। आफ्नै समाजमा विकसित चौतारी, पोखरी, पाटीपौवा र धार्मिक वनजस्ता सार्वजनिक सम्पदाको व्यवस्थित अध्ययन तथा अभिलेखीकरण हुन नसक्नु अनुसन्धानको कमजोरी हो।

यसर्थ नेपालका विश्वविद्यालय तथा अनुसन्धान संस्थाहरूले पार्क तथा उद्यान संस्कृतिलाई हाम्रो ऐतिहासिक, सामाजिक र सांस्कृतिक परम्परासँग जोडेर अध्ययन गर्न आवश्यक छ। यस दृष्टिले नेपालको उद्यान संस्कृतिका तीन प्रमुख ऐतिहासिक धारा पहिचान गर्न सकिन्छ। पहिलो, धर्म, प्रकृति र सार्वजनिक सेवामा आधारित परम्परागत सार्वजनिक स्थलहरूको विकास; दोस्रो, शासकीय बगैँचादेखि आधुनिक सहरी सार्वजनिक पार्कहरूको विस्तार; र तेस्रो, सामुदायिक वन संरक्षणसँगै प्राकृतिक उद्यान तथा पर्यापर्यटनको विकास।

२. दरबारका बगैँचाबाट सार्वजनिक उद्यानसम्म

नेपालमा योजनाबद्ध बगैँचा निर्माणको इतिहास धार्मिक तथा शासकीय संरचनासँग पनि जोडिएको छ। विभिन्न कालखण्डमा दरबार परिसर, राजकीय निवास र धार्मिक स्थलका आसपास बगैँचा, जलाशय र विश्रामस्थल निर्माण गरिएका थिए।

तर यस्ता बगैँचाको उपयोग सबै नागरिकका लागि समान रूपमा खुला थियो भन्ने होइन। कतिपय बगैँचा राजपरिवार, उच्च पदाधिकारी वा विशिष्ट व्यक्तिहरूको निजी उपयोगसँग सम्बन्धित थिए।

काठमाडौँको स्वप्न बगैँचा यसको एउटा उदाहरण हो। केशरशमशेर राणाले सन् १९२० को दशकको सुरुतिर विकास गरेको यो बगैँचा युरोपेली उद्यान वास्तुकलाबाट प्रभावित थियो। यसमा नेपालका छ ऋतुलाई प्रतिनिधित्व गर्ने मण्डप, पोखरी, फूलबारी र आकर्षक वास्तुकलाको प्रयोग गरिएको थियो।

आधुनिक समयमा काठमाडौँको रत्नपार्क, बालाजु, शंखपार्कलगायतका सार्वजनिक उद्यानले सहरी मनोरञ्जन र विश्रामस्थलको विकासमा भूमिका खेले। पछि, खासगरी बहुदलको आगमनपश्चात् पर्यापर्यटनको विकास गर्नुपर्छ भन्ने भावनाको विकास हुँदै गयो; जसलाई सामुदायिक वन उपभोक्ता समूहहरू र देशका विभिन्न नगरमा स्थानीय सरकार, सार्वजनिक संस्था र समुदायको सहभागितामा उद्यान निर्माणका प्रयास विस्तार हुँदै गए।

३. सामुदायिक वन र उद्यान संस्कृति

नेपालमा पार्क तथा उद्यान संस्कृतिको विकासमा सामुदायिक वन अभियानले पुऱ्याएको योगदानलाई उत्तिकै महत्त्वका साथ अध्ययन गर्न आवश्यक छ। सामुदायिक वनको प्रारम्भिक उद्देश्य पार्क निर्माण गर्नु थिएन। यसको मूल उद्देश्य स्थानीय समुदायको सहभागितामा वन संरक्षण, पुनरुत्थान र वनपैदावारको दिगो व्यवस्थापन गर्नु थियो। तर वनको अवस्थामा सुधार हुँदै गएपछि प्राकृतिक क्षेत्रको उपयोगबारे स्थानीय समुदायको सोच र अभ्यास पनि विस्तार हुन थाल्यो।

यसैको परिणाम प्रारम्भिक चरणमा वन संरक्षण, वृक्षारोपण, पुनरुत्थान तथा काठ, दाउरा र घाँसको व्यवस्थापनमा केन्द्रित सामुदायिक वनहरू विस्तारै बहुउपयोगी प्राकृतिक सम्पदाका रूपमा विकसित हुन थाले। विशेषगरी वि.सं. २०५० को दशकदेखि कतिपय सामुदायिक वनमा वनविहार, प्राकृतिक मनोरञ्जन, जैविक विविधता अध्ययन र पर्यापर्यटनका गतिविधिहरू विस्तार हुँदै गए।

यसको एउटा उल्लेखनीय उदाहरण झापाको जामुनखाडी सिमसार तथा पर्यटकीय क्षेत्र हो। वि.सं. २०५२ मा स्थापित जामुनबारी सामुदायिक वन उपभोक्ता समूहले संरक्षण गरेको यस क्षेत्रमा २०६५ पछि पर्यापर्यटनका पूर्वाधार विकास गरिए। कुनै समय यहाँ वार्षिक दुईदेखि तीन लाखसम्म पर्यटक पुग्ने गरेका थिए। यसले सामुदायिक वनलाई संरक्षणसँगै स्थानीय पर्यटन र आर्थिक गतिविधिको आधार बनाउन सकिने सम्भावना देखाएको छ।

यस्ता उदाहरण अन्यत्र पनि भेटिन्छन्। धरानको यलम्बर सामुदायिक वन, मोरङको पथरीशनिश्चरेस्थित हरियाली सामुदायिक वन, चितवनको जलदेवी सामुदायिक वन तथा रुपन्देहीको मणिमुकुन्दसेन उद्यान र शंकरनगर वनवाटिकाले संरक्षणसँगै मनोरञ्जन र पर्यापर्यटन विकासका विभिन्न अभ्यास अघि बढाएका छन्। तीमध्ये कतिपयले वनभोजस्थल, पैदलमार्ग, पोखरी, प्राकृतिक अवलोकन क्षेत्र र मनोरञ्जनात्मक संरचनाहरू विकास गरेका छन्। यी सबैको प्रकृति र व्यवस्थापन पद्धति समान भने छैन।

यी त केही प्रतिनिधि उदाहरण मात्र हुन्। देशका विभिन्न क्षेत्रमा सामुदायिक वन उपभोक्ता समूहहरूले वन संरक्षणबाट प्राप्त उपलब्धिलाई स्थानीय पर्यटन, रोजगारी र सामुदायिक आम्दानीसँग जोड्ने प्रयास गरेका छन्। यस प्रक्रियाले प्राकृतिक स्रोतको संरक्षणलाई स्थानीय अर्थतन्त्र र सामाजिक उपयोगसँग जोड्ने नयाँ सम्भावना सिर्जना गरेको छ।

यसैसँग समानान्तर रूपमा स्थानीय सरकार र सार्वजनिक संस्थाहरूको नेतृत्वमा पनि पार्क तथा उद्यानको संस्थागत विकास हुँदै आएको छ। यस सन्दर्भमा हेटौँडाको सहिद स्मारक पार्क पनि एउटा उदाहरण हो।

तत्कालीन नगरप्रमुख डोरमणि पौडेलको नेतृत्वमा यसको विकास र विस्तारले स्थानीय सरकार, समुदाय तथा अन्य संस्थाको सहकार्यबाट सार्वजनिक उद्यानलाई व्यवस्थित पर्यटकीय गन्तव्य बनाउन सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ। बुटवल, धरानलगायतका नगरमा विकसित सार्वजनिक तथा सामुदायिक उद्यानका अभ्यासलाई पनि यसै सन्दर्भमा अध्ययन गर्न सकिन्छ।

# सुर्खेतमा सवारी दुर्घटनाबाट मृत्यु हुनेको संख्या उच्च




काँक्रेविहार संवाददाता
सुर्खेत, ८ कात्तिक

कर्णाली प्रदेशका दश जिल्लामध्ये सबैभन्दा बढी सवारी दुर्घटना र मृत्यु हुनेको संख्या सुर्खेतमा भएको पाइएको छ। कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतको आर्थिक वर्ष २०८२/०८३ को अभिलेखमा सवारी दुर्घटनाबाट सुर्खेतमा २४ पुरुष, नौ महिला र चार बालक गरी ३७ जनाको मृत्यु भएको उल्लेख गरिएको छ।

रुकुमपश्चिममा १२ पुरुष, चार महिला, दुई बालक र चार बालिका गरी २२ तथा सल्यानमा १७ पुरुष, तीन महिला र एक बालक गरी २१ जनाको मृत्यु भएको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी उपरीक्षक रामप्रसाद घर्तीमगरले जानकारी दिए।

त्यस्तै, सल्यानमा १७ पुरुष, तीन महिला र एक बालक गरी २१, कालीकोटमा ११ पुरुष, एक महिला र एक बालिका गरी १३, दैलेखमा आठ पुरुष, तीन महिला र एक बालक गरी १२, जाजरकोटमा सात पुरुष, एक महिला र एक बालक गरी नौ, हुम्लामा पाँच पुरुष, एक महिला, एक बालक र एक बालिका गरी आठ, जुम्लामा तीन पुरुष, एक बालकसहित चार, डोल्पामा छ पुरुष र मुगुमा तीन पुरुषको सवारी दुर्घटनामा मृत्यु भएको प्रहरी उपरीक्षक घर्तीले बताए।

त्यसैगरी, वर्षभरिको सवारी दुर्घटनामा सुर्खेतमा ७१३ पुरुष, ३०० महिला, ११५ बालक र ६७ बालिका गरी जम्मा एक हजार १९५, रुकुमपश्चिममा १४१ पुरुष, ६२ महिला, ३३ बालक र २६ बालिकासहित २६२, सल्यानमा ९७ पुरुष, ५९ महिला, २३ बालक र २३ बालिका गरी २०२, दैलेखमा ११९ पुरुष, ६० महिला, १४ बालक र सात पुरुष गरी २०० जना घाईते भएको उनले बताए। त्यस्तै, जाजरकोटमा ५९ पुरुष, ३७ पुरुष, १५ बालक, १५ बालिका गरी १२६, कालीकोटमा ५६ पुरुष, २६ महिला, नौ बालक र पाँच बालिका गरी ९६, जुम्लामा ४५ पुरुष, २१ म्हिला, आठ बालक र दश बालिका गरी ८४, डोल्पामा ३९ पुरुष, नौ महिला, छ बालक र दुई बालिका गरी ५६, हुम्लामा ३३ पुरुष, १७ महिला, दुई बालक र दुई बालिका गरी ५४ र मुगुमा १७ पुरुष, सात महिला, तीन बालक र तीन बालिका गरी ३० जना सवारीमा दुर्घटना भएको प्रदेश प्रहरी कार्यालय सुर्खेतले जनाएको छ।

# बेपत्ता भएका थप १८ वटा चौँरीगाईको उद्धार

काँक्रेविहार संवाददाता
हुम्ला, ८ कात्तिक

नाम्खा गाउँपालिका- ६ को हिमालपारीको लिमी उच्च पाटनमा चरन कै क्रममा रहेको बेला हिमपातले बेपत्ता भएका थप अठार वटा चौँरीगाईको सकुशल उद्धार गरिएको छ। बेपत्ता चौरीको खोजीमा गएका दुई वटा समुहले ती चौरी पत्ता लगाएर उद्धार गरेका हुन्।



लिमीको लाप्चा क्षेत्रको उच्च पाटन लिङ, साँक्या  र गेउ खोलामा पाँच दिनदेखि खोज्दै आएका दुई वटा समुहले शुक्रबार बेला १८ वटा बेपत्ता चौँरीगाई पत्ता लगाएर सकुशल उद्धार गरी ताक्चीमा पुर्याएको वडाअध्यक्ष पाल्जोर तामाङले बताउनुभयो। त्यसमा तीन जना तीलगाउँका महिलाहरुले बाह्र वटा चौरी र अन्य हल्जी गाउँको समुहले छ वटा चौरी पत्ता लगाई सुरक्षित स्थानमा ल्याउन सफल भएको उनले बताए।

अब हिमपातमा बेपत्ता भएकामध्ये ३२५ चौँरीगाईसहित पशुको उद्धार गर्ने कार्य भएको छ। यसमा हालसम्म उद्धार गरिएको पशुमा २५५ चौँरीगाई,  ५० वटा घोडा र २० वटा गोरु (झोपा) रहेका छन्। गत  असोज १० र ११ गतेको हिमपातबाट ती पशुहरु बेपत्ता भएका थिए।

अझै दुई समुह चरन भएका पाटनमा खोजीमा रहेकोले यो संख्या वृद्धि हुने विश्वास स्थानीयको छ। हिमपातमा मरेका पशुको यकिन विवरण भने हालसम्म प्राप्त भएको छैन।

# दसैँ मनाएर फर्किने यात्रुको चाप बढ्दै



काँक्रेविहार संवाददाता
दैलेख, ८ कात्तिक

दसैँ मनाउन केही दिनअघि गाउँघर आएका सर्वसाधारण चाडपर्व सकिएसँगै धमाधम आफ्नो कर्मथलो फर्किन थालेका छन्।

दसैँ मनाउन घर आएका कर्मचारी, विद्यार्थी, मजदुर, व्यवसायीलगायत विभिन्न पेसा व्यवसायमा आबद्ध व्यक्ति देशका विभिन्न ठाउँ, कार्यक्षेत्रमा फर्किन थालेपछि दैलेखका बसपार्कमा यात्रुको चहलपहल बढेको छ।

चाडपर्व मनाएर आफ्नो नियमित कामकाजमा फर्किन थालेपछि कर्णाली प्रदेशका अन्य जिल्लासहित काठमाडौँतर्फ जाने यात्रुको आवागमन बढ्न थालेको छ। दसैँको बिदा सकिएसँगै रोजगारी, अध्ययन तथा विभिन्न पेसा व्यवसायका लागि जिल्लाबाहिर जाने यात्रुको चाप बढ्दै गएको छ। गाउँघरमा दसैँ मनाउन आएका नागरिक आफ्नो बिदा सकिएपछि निर्धारित समयमा कार्यस्थल पुग्नुपर्ने भएकाले यात्रामा निस्कने क्रम बढेको हो।

जिल्लाभरि यात्रुको आवागमन सहज बनाउन तथा सवारीसाधनको चाप व्यवस्थापन गर्न ट्राफिक प्रहरी सक्रिय रूपमा परिचालन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय दैलेखका प्रमुख प्रहरी वरिष्ठ नायब निरीक्षक जयसिंह गुरुले बताए।

उनले जिल्लाबाट बाहिरिने यात्रुको संख्या दिनहुँ बढ्न थालेपछि सडकमा निगरानी बढाइएको जानकारी दिए। उनले सदरमुकामबाट सञ्चालन हुने लामो तथा छोटो दुरीका सार्वजनिक सवारीसाधनमा यात्रुको चाप समेत बढ्न थालेको बताए।

उनले यात्रुको सहज आवागमन सुनिश्चित गर्नु बढ्दो सवारीसाधनको चाप व्यवस्थापन गर्ने र सम्भावित सडक दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले ट्राफिक प्रहरीले जिल्लाभरि निगरानी बढाएको जानकारी दिए। चाडपर्वपछि एकै समयमा धेरै यात्रु गन्तव्यतर्फ फर्किने भएकाले सडकमा सवारीसाधनको आवागमन बढ्ने हुँदा ट्राफिक व्यवस्थापन थप प्रभावकारी बनाउन लागिपरेको उनको भनाइ छ। अहिले दैलेखबाट कर्णाली प्रदेशका विभिन्न जिल्लालगायत देशका विभिन्न ठाउँमा जाने सवारीसाधनको आवतजावत बढेको प्रदेश ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

यात्रुको चाप बढेसँगै सडकमा सवारीसाधनको आवागमन व्यवस्थित बनाउन र यात्रुलाई सुरक्षित रूपमा गन्तव्यसम्म पुग्ने वातावरण निर्माण गर्न ट्राफिक प्रहरीले निगरानी बढाएको जनाइएको छ।

जाजरकोटलगायत गाउँघरमा दसैँ मनाउन आएका नागरिक आफ्नो बिदा सकिएपछि चहलपल बढेसँगै सवारीसाधनमा यात्रुको चापसमेत बढ्न थालेको ट्राफिक प्रहरीले जनाएको छ। तल्लो डुङ्गेश्वर हुँदै कालीकोट, बाजुरा, हुम्ला, मुगु र जुम्लालगायत जिल्लातर्फ दसैँ मनाएर फर्किने यात्रुको संख्या बढेसँगै दैलेखका सडकमा आवागमन थप व्यस्त बनेको छ। ट्राफिक प्रहरी कार्यालय दैलेखका अनुसार दसैँ अवधिरभर जिल्लामा तीन हजार २०३ वटा सवारीसाधन भित्रिएका छन् भने दुई हजार ९०५ वटा सवारीसाधन बाहिरिएका छन्।

त्यसै गरी देशभरका विभिन्न ठाउँबाट आएका जिल्ला हुँदै बाहिरिएका यात्रुको संख्या ३९ हजार ४९ जना रहेको जनाइएको छ। दसैँ मनाएर कर्मथलो फर्किने क्रममा दैलेख सदरमुकामबाट मात्रै २७ हजार ६४९ यात्रु बाहिरिएको ट्राफिक प्रहरी कार्यालय दैलेखले जनाएको छ। दसैँ बिदा सकिएसँगै यात्रुको आवागमन बढेकाले सवारीसाधनको चापसमेत बढ्दै गएको छ।

# रूघाखोकीका बिरामी बढे

काँक्रेविहार संवाददाता
हुम्ला, ८ कात्तिक

जिल्लाभरका स्वास्थ्य संस्थाहरुमा उपचारका लागि आउने कडा खाले रुघाखोकीका बिरामीहरु बढेका छन्। मौसममा परिवर्तन आएसँगै चिसो बढ्दै जाँदा मौसमी फ्लुका बिरामीहरु बढेका हुन।

तीन हप्तायता जिल्ला अस्पतालमा यस्ता मौसमी फ्लुका बिरामी धैरै आउन थालेको चिकित्सक मुकेश यादवले बताए। कडा खाले रुघाखोकीका बिरामीहरु धैरै आउन थालेपछि अस्पतालमा चाप बढी रहेको बताउदै उनले दसैं बिदाको कारण चिकित्सक र स्वास्थ्यकर्मीहरुलाई २४ सै घण्टा बिरामीको उपचारको काममा खटिने व्यवस्था गरिएको बताए। अस्पतालमा दैनिक ३० देखि ४० जना यस्ता बिरामीहरु आउने गर्छन। मौसममा आएको परिवर्तनकै कारण यस्ता बिरामीहरु बढेको उनको भनाइ छ।

उनले तातोपानी, झोलिलो खानेकुराको प्रयोग तथा जथाभाबी बाहिर ननिस्कन र चाडवाडमा खानेकुरामा ध्यान दिन आग्रह गरे। ताँजाकोट गाउँपालिकाको स्वास्थ्य शाखाका प्रमुख रामलाल देवकोटाले पाँच वटै वडामा रुघाखोकीका बिरामीहरु बढेको बताए। रुघाखोकीको प्रकोप बढेपछि सार्वजनिक बिदा भएपनि गाउँगाउँमा स्वास्थ्यकर्मी परिचालन गरेर उपचारको व्यवस्था गरिएको उनको भनाइ छ। यता अदानचुली गाउँपालिकाका स्वास्थ्य संस्थाहरुमा पनि मौसमी फ्लुका बिरामीहरु बढीरहेको स्वास्थ्य शाखाले जनाएको छ बिरामी बढेपछि दसैं बिदामा रहेका स्वास्थ्यकर्मीलाई बोलाएर उपचारका लागि परिचालन गरिएको छ। यता सर्केगार्ड, खार्पुनाथ र नाम्खा गाउँपालिकामा पनि मौसमी फ्लुका बिरामी बढेको स्वास्थ्य शाखाले जनाएका छन्।

# कर्णाली याक्सले फेर्‍यो खेलाडी, शुभको ठाउँमा शिवम

काँक्रेविहार संवाददाता
काठमाडौं, ८ कात्तिक

कर्णाली याक्सले शुभ कंसकारको स्थानमा शिवम तिवारीलाई टोलीमा समावेश गरेको छ।

आगामी नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणका लागि ब्याटर शुभ कंसकार कर्णाली याक्समा अनुबन्ध भएका थिए।

तर, उनको हातमा चोट लागेपछि उनको स्थानमा शिवमलाई समावेश गरिएको कर्णाली याक्सले जनाएको छ।

शिवमले गत प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगितामा बागमती प्रदेशबाट खेलेका थिए। उनी भक्तपुरका खेलाडीसमेत हुन्।

योसँगै कर्णाली याक्सका घरेलु खेलाडीमा मार्की खेलाडी सोमपाल कामी, गुल्शन झा, नन्दन यादव, विपिन शर्मा, युनिस विक्रम सिंह, दीपेन्द्र रावत, पवन सर्राफ, युवराज खत्री, दीपक डुम्रे, सूर्य तामाङ, दिवान पुन, शिवम तिवारी र सचिन शर्मा रहेका छन्।

यता, विदेशी खेलाडीमा दक्षिण अफ्रिकाका स्टार क्रिकेटर डेविड मिलर, पाकिस्तान ट्वान्टी-२० क्रिकेट टोलीका कप्तान साहिबजादा फरहान, पाकिस्तानकै अलराउन्डर हुसेन तलात, स्कटल्यान्डका अलराउन्डर मार्क वाट तथा बंगलादेशका खेलाडी अरिफुल इस्लाम र अकबर अली अनुबन्ध भएका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# चार दिनदेखि अधिकांश सरकारी वेबसाइट बन्द



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ८ कात्तिक

सरकारी कामलाई कागजविहीन र लाइनमुक्त बनाउने सरकारी दाबी फेरि एक पटक कमजोर साबित भएको छ। वेबसाइट बनाउन प्रयोग हुने पीएचपी कोडिङ प्रणालीमा सुरक्षा कमजोरी देखिएको भन्दै बिहीबार बन्द गरिएका धेरैजसो अझैसम्म खुल्न सकेका छैनन्।

एउटै प्रकृतिको समस्या भएका बैंक तथा वित्तीय संस्था एवं निजी क्षेत्रका निकायले केही घण्टाभित्रै समस्या समाधान गरिसक्दा सरकारी निकायहरू भने अझै अलमलमै देखिन्छन्।

**कुन–कुन मुख्य सेवा प्रभावित भए ?**

सरकारी वेभसाइट बन्द हुँदा अधिकांश वेभसाइटहरु बन्द नै छन् । कतिपय अत्यावश्यक सेवादेखि कतिपय सार्वजनिक सूचनाको माध्यम बन्न सक्ने वेभसाइटहरु बन्द भएका हुन् । जनताको सबैभन्दा धेरै चासो रहेको सवारी चालक अनुमति पत्रको अनलाइन इनरोलमेन्ट गर्नुपर्ने यातायात व्यवस्था विभागको वेबसाइट अहिलेसम्म खुल्न सकेको छैन । सोमबारदेखि सुचारु हुने सेवा लिन यसअघि नै खुल्नुपर्ने वेबसाइट नखुल्दा नयाँ लाइसेन्सका लागि अनलाइन फाराम भर्ने काम रोकिएको छ।

ढुवानीका लागि अत्यावश्यक मानिएको राजश्व अनुसन्धान विभागले सञ्चालन गर्दै आएको भीसीटीएस प्रणाली अहिले बन्द छ । यो प्रणाली बन्द हुँदा अहिले ट्रक तथा कन्टेनर चलाउनेले बिलबिजक बोकेर यात्रा गर्नुपर्ने बाध्यता छ ।

केन्द्रीय बैंककै वेबसाइट बन्द छ। दैनिक विदेशी मुद्राको विनिमय दर, ब्याजदर जस्ता महत्त्वपूर्ण सूचनाका लागि राष्ट्र बैंकले अहिले सामाजिक सञ्जालको सहारा लिनुपरेको छ। मालपोत सेवा प्रवाह गर्ने भूमि व्यवस्था तथा अभिलेख विभागको साइट नचल्दा देशभरका भूसेवा केन्द्रमार्फत हुने जग्गासम्बन्धी अनलाइन सेवाहरू प्रभावित भएका छन्।

कालीमाटी तरकारी बजारको वेबसाइट समेत अझै खुलेको छैन । किसान र उपभोक्ताले दैनिक तरकारीको थोक मूल्य थाहा पाउने काम अहिलेसम्म अवरोध हुँदै आएको छ ।

**केही घण्टाको काममा चार दिनको ढिलासुस्ती**

सूचना प्रविधि (आईटी) विज्ञहरूका अनुसार यो समस्या समाधान गर्न कुनै ठुलो समय वा स्रोत चाहिँदैन । वेबसाइटमा पहुँच भएको आईटी प्राविधिकले एक डेढ घण्टादेखि बढीमा ३-४ घण्टाभित्र यो समस्या हल गर्न सक्छन्। यही समस्या निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरूमा पनि आएको थियो । तर, उनीहरूले २४ घण्टा नबित्दै आफ्नो प्रणाली सुरक्षित बनाएर सेवा सुरु गरिसकेका छन् । सरकारी कार्यालयहरूले भने आइतबारसम्म पनि काम नसक्नुले उनीहरूको सरकारी ढिलासुस्ती र कमजोर कार्यक्षमता छताछुल्ल पारेको छ।

**केही सेवा भने खुले ?**

केही कार्यालयले भने समयमै समस्या समाधान गरेर सेवा सुरु गरेका छन् । राहदानी (पासपोर्ट) बनाउने अनलाइन इरोलमेन्ट प्रणाली रहेको राहदानी विभागको वेबसाइट अहिले सञ्चालनमा आइसकेको छ ।

वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने प्रणाली वैदेशिक रोजगार विभागको प्रणाली पनि अहिले सञ्चालनमा छ । त्यस्तै, राष्ट्रिय परिचयपत्र, नेपाल विद्युत् प्राधिकरणको महसुल तिर्ने प्रणाली पनि अहिले सञ्चालनमा छन् ।

उल्लेखित केही प्रणाली सञ्चालनमा रहे पनि अधिकांश वेबसाइट भने अहिलेसम्म सञ्चालनमा आउन सकेका छैनन् ।

**'लाइन होइन अनलाइन' नारामाथि प्रश्न**

सरकारी वेबसाइट सेवा प्रवाह मात्रै होइन । सूचना तथ्याङ्क एवं अध्ययनका लागि अत्यावश्यक हुन्छन् । यो सूचनाको हकसँग जोडिएको एउटा महत्त्वपूर्ण प्लेटफर्म समेत हो । कुनै पनि सरकारी निकायको बारेमा सम्बन्धित कार्यालयको वेभसाइटमा अनिवार्य रूपमा राख्नुपर्ने व्यवस्था छ । सुशासनको नारासहित दुई तिहाइ नजिकको बहुमत पाएको वर्तमान सरकारले चुनावताका चुनावी घोषणापत्रमै 'लाइन होइन अनलाइन' भन्ने नारा लिएको थियो । यसको मुख्य उद्देश्य भनेको अधिकांश सरकारी सेवाहरू अनलाइनबाटै प्रवाह गर्ने भन्ने थियो । तर, पछिल्लो समय अधिकांश अनलाइन प्रणालीमा समस्या देखिएको छ । सरकारले अनलाइन ठेक्का प्रणाली सञ्चालन गर्ने वेबसाइट अपग्रेडको नाममा अनलाइनमार्फत हुँदै आएको ठेक्का प्रणालीलाई कागजी सिस्टममै झारेको थियो । यीबाहेक राहदानी, लाइसेन्स लगायत अत्यावश्यक सेवामा देखिएको समस्याका कारण यसअघि पनि पटक पटक सेवाग्राही समस्यामा पर्दै आएका छन् । पछिल्लो पटक देखिएको सामान्य प्राविधिक समस्या समाधानमा देखिएको यो उदासीनताले डिजिटल नेपालको तयारीमा सरकारी हैसियतमाथि गम्भीर प्रश्न उठाएको छ।

# हिल्सामा पुल बन्यो, सञ्चालनमा आउन सकेन

❐ काँक्रेविहार संवाददाता
हुम्ला, ८ कात्तिक

नेपाल र चीनको सिमाना हिल्सामा निर्माण कार्य पूरा भएको दुई देशबिचको मैत्रीपुलको उद्घाटन यस पटक नहुने भएको छ। पुल उद्घाटन गर्न चिनियाँ पक्ष तयार भए पनि नेपालको कारण पुल सञ्चालनमा आउन नसकेको बताइएको छ।

भोटेकोशी बाढी लगायतका समस्याले गर्दा नेपालले मैत्रीपुल उद्घाटनका लागि समय मिलाउन नसकेको कारण देखाएपछि पुल सञ्चालनमा आउन नसक्ने भएको हो। चिनियाँ पक्षले निर्माण कार्य सम्पन्न भएर सञ्चालनमा आउन नसकेको हिल्साको मैत्रीपुलको उद्घाटनको ब्यवस्थाका लागि नेपालसँग आग्रह गरेको थियो।

नेपाली पक्षले समय मिलाउन नसकेको कारण यस वर्ष पनि सो पुल सञ्चालनमा



आउन नसक्ने यारी नाका भन्सार कार्यालयका प्रमुख रामराज जैसीले बताए। सो पुलको उद्घाटन कार्य नभएका कारण हाल चीनले आफ्नो क्षेत्रमा बार लगाएर पुलमा आवतजावत बन्द गरेको छ। अब हिमपात सुरु भइसकेको कारण पनि पुलको उद्घाटन गर्न सक्ने अवस्था नभएको बताउदै यसले कम्तिमा आठदेखि नौ महिनापछि धकेलिएको उनले बताए। नेपालको सम्बन्धित निकायले चाँडोभन्दा चाँडो पुल उद्घाटनको व्यवस्थाका लागि तयारी गर्न आफूलाई मौखिक आग्रह आएको र त्यहीअनुसार जिल्ला प्रशासन कार्यालयलाई आफूले लिखित जानकारी गराएको उनले बताए।

हिल्सा नाकाले यसअघि आयातको मात्र अनुमति पाएको भए पनि अव २९ किसिमका जडिबुटीको निकासीका लागि चीनले अनुमति दिइसकेको छ। पुल उद्घाटन भएर सञ्चालनमा आएपछि मालवहाक कन्टेनरहरु पुलबाट सिधै नेपाली सिमनामा आउन पाउने छन्।

पुल उद्घाटन नभएकै कारण हाल हिल्सामा नेपालले निर्माण गरेको बेलिब्रीजबाट यातायातका साधनहरु आवतजावत गरिरहेका छन्। स्थानीय तथा पर्यटकहरु झोलुङ्गे पुल तरेर आवतजावत गरिरहनु भएको उनले बताए।

अघिल्लो वर्ष मङ्सीर महिनामा उक्त पुलको निर्माण कार्य पूरा भएको थियो। निर्माण भएर पनि सञ्चालनमा नआएको कारण पुलको बारेमा जानकारी गराउने र अब त्यसलाई प्रयोगमा ल्याउनका लागि चीनले जिल्ला प्रशासन कार्यालय हुम्लालाई पत्राचार गरेको थियो। चीन र नेपालका स्थानीय प्रतिनिधिविच गत बैशाख १० गते छलफल भए पनि पुल उद्घाटनबारे कुनै निर्णय हुन सकेन।

उक्त मैत्रीपुल छ महिना समय लगाएर निर्माण कार्य सम्पन्न भएको थियो। चीनले उक्त पुल निर्माण गरेको हो। पुलसँगै चीनले साढे तीनसय मिटर नेपाल पट्टीको सडक पनि निर्माण कार्य सम्पन्न गरेको छ।

## आजदेखि...

दिए ।

उनका अनुसार क्यानले प्रायोजन, टिकटिङलगायतका क्षेत्रबाट ७० देखि ७५ करोड रुपैयाँसम्मको कारोबार गर्दैछ भने आठवटै फ्रेन्चाइज टोलीका मालिकहरूले पनि टिम निर्माण र व्यवस्थापनमा सोही हाराहारीमा खर्च गर्दैछन् ।

यसपटक एनपीएलको पुरस्कार राशिमा पनि कीर्तिमानी वृद्धि गरिएको छ। कोषाध्यक्ष खड्काले दिएको जानकारीअनुसार यस संस्करणको उपाधि विजेता टोलीले १ करोड ५० लाख रुपैयाँ प्राप्त गर्नेछ। त्यसैगरी, उपविजेताले ८० लाख, तेस्रो हुने टोलीले ४० लाख र चौथो हुने टोलीलाई ३० लाख रुपैयाँ नगद पुरस्कार प्रदान गरिनेछ।

विगतका दुई संस्करणमा लिगको स्वामित्व, पारदर्शिता र अनियमिततालाई लिएर उठेका प्रश्नहरूको जवाफ दिँदै क्यानका सचिव पारस खड्काले यसपटक प्रतियोगिता पूर्ण रूपमा संस्थागत र पारदर्शी बनाइएको स्पष्ट पारे। क्यानको साधारणसभाबाटै अधिकारसम्पन्न तीन सदस्यीय 'गभर्निङ काउन्सिल' गठन गरी सम्पूर्ण निर्णयहरू क्यान बोर्डबाट अनुमोदन गराएर मात्र अघि बढाइएको उनले बताए। प्रतियोगिताको सम्पूर्ण हिसाबकिताब पारदर्शी रूपमा राष्ट्रिय खेलकुद परिषद् (राखेप), युवा तथा खेलकुद मन्त्रालय र नेपाल सरकारलाई बुझाइने खड्काले प्रतिबद्धता जनाए ।

दर्शकको सुविधा र सुरक्षालाई मध्यनजर गर्दै कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानको भौतिक पूर्वाधारमा व्यापक सुधार गरिएको छ। सचिव खड्काका अनुसार मैदानको प्यारापिट पछाडिको भागमा दर्शकलाई हिँड्न सहज होस् भनेर कालोपत्रे (ब्ल्याक टप) गरिएको छ। टिकटिङ पूर्ण रूपमा डिजिटल बनाइएको छ भने विगतमा देखिने पार्किङको समस्या समाधान गर्न ल्याब स्कुल, चोभार र आयुर्वेदिक अस्पताल क्षेत्रमा डेडिकेटेड पार्किङको व्यवस्था मिलाइएको छ।

यसका साथै, सुरक्षा व्यवस्था चुस्त बनाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी र सेनासँग पनि उच्च समन्वय गरिएको छ। यसैबीच, एनपीएलको रमझम चलिरहँदा क्यानले खेलाडीहरूको समग्र विकास र अन्य प्रतियोगितालाई पनि उत्तिकै प्राथमिकतामा राखेको जनाएको छ।

एनपीएलमा छनोट नभएका खेलाडीहरूलाई मध्यनजर गर्दै क्यानले आगामी डिसेम्बर ४ देखि एकदिवसीय खेलको तयारीका लागि छुट्टै बन्द प्रशिक्षण (क्याम्प) सञ्चालन गर्नेछ। यसका साथै, नोभेम्बर १५ देखि सुदूरपश्चिममा यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता पनि आयोजना हुँदैछ।

विदेशी लिग खेल्न जाने खेलाडीहरूको सन्दर्भमा पनि सम्बन्धित बोर्डको अनुमति र नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) बिना खेल्न नपाउने नियमलाई कडाइका साथ लागू गरिएको क्यानले प्रष्ट पारेको छ।







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)